हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २४६ | बुटवल | २०८३ असोज ०४, आइतबार | नेपाल संवत ११४६ | Sunday September 20, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

## ‘नागरिकलाई निराश बनाएर व्यवस्था सफल हुन्न’

बुटवल । राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकलाई निराशामा राखेर कुनै पनि राज्य र व्यवस्था सफल हुन नसक्ने बताएका छन् ।

संविधान दिवसको अवसरमा राष्ट्रपति कार्यालय शीतलनिवासमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उनले नागरिकको जीवनमा परिवर्तनलाई जोड्नका लागि व्यवहारमै सुशासन र उत्कृष्ट सेवा प्रवाह आवश्यक रहेको बताए । ‘राजनीतिक परिवर्तनलाई नागरिकको जीवनमा जोड्नु, हामीलाई व्यवहारमै सुशासन र उत्कृष्ट सेवा प्रवाह आवश्यक हुन्छ । जसले नागरिकमा आशा जोगाउन सकोस्,’ राष्ट्रपति पौडेलले भने-‘नागरिकलाई निराशामा राखेर न त कुनै राज्य सफल हुन्छ, न त व्यवस्था । किनभने हामी सबैले बुझ्नुपर्छ, शासकीय संरचनामा आउने परिवर्तनले मात्रै युगका अपेक्षा पूरा हुँदैन ।’

उनले संविधानलाई भाषणमा मात्रै नभइ नागरिकको जीवनमा उतार्ने संकल्प गर्न पनि आग्रह गरे । ‘आउनुहोस्, आज हामी संविधानलाई भाषणमा होइन, नागरिकको जीवनमा उतार्ने संकल्प गरौं,’ राष्ट्रपति पौडेलले भने-‘हामीले अनेकौं संघर्ष र बलिदानबाट प्राप्त गरेको संविधानको साँचो अर्थ त्यही दिनमा बोध हुनेछ, जुन दिन कुनै नेपालीले न्याय, सम्मान, सुरक्षित भविष्यका लागि आफ्नो राज्यसँग याचना गर्नुपर्ने छैन ।’

## संविधानप्रति सरकार पूर्णरूपमा प्रतिबद्ध : प्रधानमन्त्री

बुटवल । प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले यो सरकार विद्यमान संविधानप्रति सरकार पूर्णरुपमा प्रतिबद्ध रहेको बताएका छन् ।

संविधान दिवसको अवसरमा आयोजित मूल समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री बालेनले भने-‘यो संविधानको अक्षर र भावना दुवैप्रति यो सरकार पूर्णरुपमा प्रतिबद्ध छ ।’ उनले संविधान जति राम्रो भएपनि च्यसलाई चलाउने हातहरु इमानदार र अनवरत क्रियाशील भएनन् भने त्यो कागज मात्रै हुने बताए । ‘तर, एउटा कुरा हामीले कहिल्यै बिर्सनुहुँदैन । संविधान जति राम्रो भएपनि त्यसलाई चलाउने हात तमानदार र अनवरत क्रियाशील भएनन् भने त्यो एउटा कागज मात्रै बन्नेछ ।’- उनले भने ।

उनले सरकारले सुशासन कायम गर्न र भ्रष्टाचार नियन्त्रणका लागि सरकारले काम गरिरहेको दाबी पनि गरे । ‘म प्रष्ट भन्छु- यो सुरुवात हो, अन्त्य होइन । भ्रष्टाचार र दण्डहीनताको जरो गहिरो छ तर यो जरो उखेल्ने हातहरु बलिया छन् । झन् धेरै छन्’, उनले अघि भने-‘विकासका लागि सुशासन अनिवार्य पूर्वसर्त हो भन्ने कुरामा सरकार सचेत छ ।’ उनले सुशासन कायम गर्न प्रशासनिक संरचनाको उपयुक्त आकार निर्धारण, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता अवलम्बन गरिएको बताए ।

## नेतृत्व हस्तान्तरण गरेर वामपन्थी एकता : भिम रावल

बुटवल । नेपाली कम्यूनिष्ट पार्टीका नेता तथा पूर्वउपप्रधानमन्त्री डा. भिम रावलले नेतृत्वको पदमोह र कम्यूनिष्ट आचरण नभएकाले कम्यूनिष्टहरु कमजोर अवस्थामा आइपुगेको बताएका छन् । उनले गत वर्षको जेनजी आन्दोलनपछि नेपालका कम्यूनिष्ट पार्टीहरु निकै कमजोर अवस्थामा पुगेकाले अब नेतृत्वमा रहेकाहरुले ससम्मान विदाई भएर नेतृत्व हस्तान्तरण गर्नुपर्ने बताए । पुष्पलाल मित्रता केन्द्रको आयोजनामा शनिबार बुटवलमा गरिएको वर्तमान राजनैतिक परिस्थितिमा बामपन्थी दलहरुको भूमिका बिषयक विचार गोष्ठिलाई सम्बोधन गर्दै मुलुक गम्भीर संकटमा गुज्रिएकाले अब शीर्ष भनिएका नेताहरुले विगतको गल्ती सच्चाउँदै कम्यूनिष्ट आन्दोलन जोगाउनुपर्ने बताए ‘मानिस कति चोटी प्रधानमन्त्री भएपछि, कतिपटक अध्यक्ष र कति पैसा भएपछि सन्तुष्ट हुन्छ,’ उनले भने -‘वैचारिक र संगठनात्मक रुपमा नेताहरु तपाईहरुको योगदान, त्याग देखियो, अब ससम्मान विदाई हुनुस् भनेर भन्नुपर्छ ।’

उनले आफू वामपन्थी शक्ति बलियो बनाउनका लागि बुटवलबाट साथीहरुले प्रस्ताव गरे यहि हस्ताक्षर गर्न तयार रहेको बताए । उनले देश र जनता धारासायी भएर अस्तित्व नै संकटमा पर्दा पनि म र मेरो पद भनेर अर्कालाई चुप लगाउने काम भइरहेको बताए । उनले विगतमा बनेको नेकपा र त्यसपछि बनेको सरकारपछि नेतृत्वले गरेको अर्कमण्यका कारण कम्यूनिष्ट पार्टीहरुप्रति जनताको समर्थन घटेको बताए । उनले सुकुम्वासी, मजदुर र किसानका आवाज मुखरित गर्नुपर्नेमा जोड दिए । ‘आज जनताले आफ्ना वास्तविक मुद्दा, आवाज र अवस्था सुधार्ने राजनीतिक शक्ति खोजेको छ’, रावलले भने-‘अहिलेको सरकारले गरेका जनविरोधी र राष्ट्रघाती कामको भण्डाफोर गर्नुपर्ने बेला आएको छ । राष्ट्रिय अखण्डता र भौगोलिक रक्षाका लागि वामपन्थी शक्तिहरू उठ्नुपर्ने बेला आएको छ ।’

पूर्वउपप्रधानमन्त्री तथा गृहमन्त्री समेत रहेका रावलले अहिले नेपालको राष्ट्रियता, स्वाधिनता खतरामा रहेको बताए । प्रधानमन्त्रीले सार्वभौम संसदमा उभिएर नेपालले भारतको सिमा मिचेको छ भनेर अभिव्यक्ति दिनु, मुस्ताङको यूरोनियम अमेरिका र अष्ट्रेलियामा डाटा सेन्टरका स्थापनाको नाममा बुझाउने जस्ता सम्झौता हुनुले गम्भीर खतरा उत्पन्न गराएको बताए । उनले अब वामपन्थी, देशभक्ति शक्तिहरु एकजुट हुनैपर्ने बेला आएको बताए । आत्मसमिक्षा गर्दै अब मुलुक र जनताको दीर्घकालिन हितका लागि कम्यूनिष्टहरुविच वैचारिक एकता र सहकार्यको खाँचो रहेको बताए ।

विमर्शमा नेपाली कम्यूनिष्ट पार्टीका अर्का नेता चक्रपाणी खनाल ‘बलदेव’ ले वर्तमान सरकारकाविरुद्ध कम्यूनिष्ट पार्टीहरुविच एकतासँगै संघर्षमा उत्रनुपर्ने बेला आएको बताए । उनले स्व. मदनभण्डारी र प्रचण्ड स्कूलिङबाट आएकाहरुविच पुन एकता र सहकार्य गर्दै आवश्यक परे दिनभरिमा शासन उल्ट्याउने गरी आन्दोलनको तयारीमा जुट्नपर्ने हुनसक्ने बताए । उनले प्रधानमन्त्री बालेन्द्र शाह देश जलाएर सत्तामा पुगेको बताउँदै अब कम्यूनिष्ट पार्टीहरुले आवश्यक परे बल प्रयोग गर्ने गरी एकता गर्नुपर्ने बताए ।

नेता खनालले लडाईँबाटै शासन सत्ता हातमा लिने हो भने गत बर्ष भदौ २३ र २४ गते जस्तै अब विहान सुरु भएर बेलका शासन कब्जा गर्ने आन्दोलन गर्न पनि पछि पर्न नहुने बताए ।

यस्तै कार्यक्रममा नेकपा एमालेका पोलिटब्यूरो सदस्य खिमलाल भट्टराईले कम्यूनिष्ट पार्टीमा नेतृत्व हस्तान्तरण र पुस्तान्तरण आवश्यक रहेको बताए । उनले २०८२ फागुनमा भएको निर्वाचनले युवा पुस्ता मात्रै नभई सिंगो समाजले विश्वास नगरेको बताउँदै अब समिक्षा गर्ने बेला आइसकेको बताए । ‘अल्गोरिदम, दाउपेच र षडयन्त्रले हारेको भनियो भने त्यो बेठिक हुन्छ’ नेता भट्टराईले भने नेतृत्व हस्तान्तरण गरेर सहज बाटोमा जानुपर्छ ।’ उनले एमालेमा पार्टी सदस्यहरुमा रहेको ब्रेकरलाई

### कांग्रेसको १५औं केन्द्रीय महाधिवेशन :

# वडादेखि प्रदेशसम्म सवा तीन लाख नेता छानिँदै

**महाधिवेशनअन्तर्गत ७ असोजमा गाउँ-नगरपालिका अधिवेशन, १० असोजमा प्रदेशसभा र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन तथा १६-१९ असोजमा केन्द्रीय महाधिवेशनको कार्यतालिका रहेको छ।**

**लुम्बिनी संवाददाता**

*बुटवल*



नेपाली कांग्रेसको १५औं केन्द्रीय महाधिवेशनअन्तर्गत शनिबारदेखि वडा अधिवेशन सुरु भएको छ । पार्टीको केन्द्रीय निर्वाचन समितिले शनिबार र आइतबार स्थानीय अनुकूलताअनुसार वडा अधिवेशन गर्नसकिने भनेको छ । कांग्रेसको केन्द्रीय निर्वाचन समितिका अनुसार शनिबार ३५ जिल्लाहरूमा वडा अधिवेशन भएको छ भने ३९ जिल्लाहरूमा आज आइतबार वडा अधिवेशन हुनेछ ।

भोटेकोशी नदीको बाढीबाट प्रभावित तीन जिल्लामा सोमबार र बुधबार वडा अधिवेशन हुने छ । धादिङमा सोमबार तथा नुवाकोट र रसुवामा बुधबार (७ असोज) वडा अधिवेशन हुने छ । निर्वाचन समितिका अनुसार कांग्रेसको १५औं महाधिवेशनमा नौ लाख २५ हजारबढी क्रियाशील सदस्यहरूले भाग लिँदैछन् । अधिवेशनबाट वडादेखि प्रदेशसम्म सवा तीन लाखभन्दा बढी नेता छानिने छन् । कांग्रेसको केन्द्रीय निर्वाचन समितिका अनुसार, वडा कार्यसमितिदेखि प्रदेश कार्यसमितिसम्म तीन लाख ३५ हजार ५८ जना निर्वाचित हुनेछन् । देशभरका ६ हजार ७४३ वडामा ४४ जनाका दरले कार्यसमिति चयन हुनेछ। जसमा दुई लाख ९६ हजार ६९२ नेता चयन हुने निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले जानकारी दिए ।

उनका अनुसार, ७५३ स्थानीय तहमा १४ जनाका हिसाबले १० हजार ५४२ जना नेतृत्वमा आउनेछन्। प्रदेश सभा क्षेत्रमा १५ हजार १८० र प्रतिनिधि सभा क्षेत्रमा नौ हजार ७५ प्रतिनिधि चयन हुनेछन् । यससँगै महासमिति सदस्य एक हजार ९८० निर्वाचित हुनेछन् । त्इस्तै, जिलला कार्यसमितिमा १८ जनाको हिसाबले एक हजार ३८६ जना नेतृत्वमा आउने कटुवालले जानकारी दिए । यससँगै सातै प्रदेशमा २९ जनाका हिसाबले प्रदेश कार्यसमिति चयन गरिनेछ । जसमा २०३ जना नेतृत्वमा आउनेछन् ।

त्यस्तै, केन्द्रीय महाधिवेशनका लागि ६ हजार ५२८ प्रतिनिधि चयन हुने उनले जानकारी दिएर जसमा महाधिवेशन प्रतिनिधि पाँच हजार ४४५, प्रदेश सभा क्षेत्रीय सभापति ३३० र स्थानीय तहका सभापति ७५३ जना रहेका छन् । यसबाहेक विदेशस्थित जनसम्पर्क समिति, भातृ संस्था, शुभेच्छुक संस्थाबाट पनि प्रतिनिधि चयन हुनेछन् । वडादेखि प्रदेश अधिवशेनका लागि कांग्रेसले नौ हजार ९४ जनालाई खटाएको कटुवालले जानकारी दिए ।

महाधिवेशनअन्तर्गत ७ असोजमा गाउँ-नगरपालिका अधिवेशन, १० असोजमा प्रदेशसभा र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन तथा १६-१९ असोजमा केन्द्रीय महाधिवेशनको कार्यतालिका रहेको छ । निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले १६ असोजदेखि सुरु हुने केन्द्रीय महाधिवेशनबाट नयाँ नेतृत्व चयनका लागि १९ असोजमा मतदान गर्ने कार्यतालिका रहेको जानकारी दिए । कांग्रेसको १५औं महाधिवेशनबाट पार्टीको केन्द्रीय कार्यसमितिको आकार विगतका दुई महाधिवेशनको तुलनामा निकै ठूलो हुने देखिएको छ । विशेष महाधिवेशनबाट संशोधित विधानअनुसार केन्द्रीय कार्यसमिति २३२ सदस्यीय हुने भएको छ ।

जसमध्ये १७१ जना महाधिवेशनबाट निर्वाचित हुनेछन, भने ६१ जना सभापतिले मनोनयन गर्ने व्यवस्था कांग्रेस विधानमा गरिएको छ । विधानमा सात प्रदेश सभापतिहरू र प्रतिनिधिसभा संसदीय दलको नेता केन्द्रीय कार्यसमितिको पदेन सदस्य हुने व्यवस्था राखिएको छ । ‘प्रतिनिधिसभा संसदीय दलको नेता र प्रदेश कार्यसमितिको सभापति केन्द्रीय कार्यसमितिको पदेन सदस्य हुनेछ ।’- कांग्रेस विधानको धारा २१ को उपधारा (१५) मा भनिएको छ ।

यसअघि १४औं महाधिवेशनमा संशोधन गरिएको विधानअनुसार कांग्रेसको केन्द्रीय कार्यसमिति १६८ सदस्यीय थियो । जसअनुसार १३४ जना महाधिवेशनबाट निर्वाचित हुने व्यवस्था थियो भने, ३३ जनालाई सभापतिले केन्द्रीय सदस्यमा मनोनीत गर्न पाउने व्यवस्था विधानमा थियो । त्यसअघि १३औं महाधिवेशनबाट कांग्रेसले ८५ सदस्यीय केन्द्रीय कार्यसमिति चयन हुने विधानमा व्यवस्था गरेको थियो । विधानअनुसार सभापति, महामन्त्री, कोषाध्यक्ष र समानुपातिक, समावेशी प्रतिनिधित्वसहितका ६४ जना केन्द्रीय सदस्य निर्वाचित गरिएको थियो ।

१३औं महाधिवेशनबाट संशोधन भएको विधानमा बाँकी २१ जना सभापतिले मनोनीत गर्ने व्यवस्था थियो । तत्कालीन सभापति शेरबहादुर देउवा पक्षको असहमतिका बिच गत पुसमा सम्पन्न विशेष महाधिवेशनले अघिल्लो विधानबमोजिम १३४ सदस्यीय केन्द्रीय कार्यसमिति चयन गरेको थियो । विशेष महाधिवेशनबाट संशोधन गरिएको विधानमा तीन जना थप गरेर ११ जना सहमहामन्त्रीको व्यवस्था गरिएको छ । जसमध्ये तीन जना सहमहामन्त्री सभापतिले मनोनीत गर्न पाउने छन् ।

कांग्रेसले आठ जना सहमहामन्त्रीहरू ‘कलस्टर’अनुसार महाधिवेशनबाट निर्वाचित हुने पुरानो व्यवस्थालाई निरन्तरता दिँदै थप तीन जनालाई सभापतिले मनोनीत गर्ने नयाँ वैधानिक व्यवस्था गरेको छ । ‘केन्द्रीय सभापतिले केन्द्रीय कार्यसमितिका निर्वाचित सदस्यहरूमध्येबाट नाम प्रस्ताव गरी केन्द्रीय कार्यसमितिबाट अनुमोदित मनोनयन गरेका एक महिलासहित तीन जना सहमहामन्त्री,’ विधानको धारा २१ (३) मा उल्लेख छ ।

कांग्रेसले ‘ल्याटरल इन्ट्री’ (विशेष प्रवेश) मार्फत् पार्टीमा प्रवेश गरेकाहरूलाई पनि केन्द्रीय कार्यसमितिमा स्थान दिने गरी विधान संशोधन गरेको छ । संशोधित विधानअनुसार अब कांग्रेसमा सात जना ‘ल्याटरल इन्ट्री’मार्फत पार्टीमा प्रवेश गरेकाहरू केन्द्रीय सदस्यमा निर्वाचित हुनेछन् ।

‘विभिन्न पेसा, व्यावसाय र विषयगत क्षेत्रमा क्रियाशील रही विशेष प्रवेशको मध्यमबाट नेपाली कांग्रेसमा आवद्ध भएका महाधिवेशन प्रतिनिधिहरूमध्येबाट दुई महिलासहित सात जना सदस्य,’ विधानको धारा २१ (९) मा भनिएको छ । १५औं महाधिवेशनबाट कांग्रेसले युवालाई केन्द्रीय कार्यसमितिमा समेट्न युवा महाधिवेशन प्रतिनिधिहरू मात्र उम्मेदवार हुनपाउने गरी विधान संशोधन गरेको छ । जसअनुसार कांग्रेसमा अब ३५ वर्ष मुनिका २१ जना युवालाई केन्द्रीय कार्यसमितिमा देख्नपाइने छ । संशोधिन विधानले १५औं महाधिवेशनमा हरेक प्रदेशबाट कम्तीमा पनि एक जना ३५ वर्ष मुनिका महिला केन्द्रीय सदस्यमा निर्वाचित हुने सुनिश्चित गरेको छ ।

‘३५ वर्ष मुनिका युवा महाधिवेशन प्रतिनिधिहरू मात्र उम्मेदवार हुने गरी प्रत्येक प्रदेशबाट एक महिलासहित दुई जना र खुला सात जना गरी २१ जना सदस्य,’ विधानको धारा २० (१०) मा लेखिएको छ । कांग्रेसले नेपाली जनसम्पर्क समितिका महाधिवेशन प्रतिनिधि मात्रै उम्मेदवार हुन पाउने व्यवस्था पनि गरेको छ । जसअनुसार ६ जना १५औं महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित हुने छन् । ‘नेपाली जनसम्पर्क समितिका महाधिवेशन प्रतिनिधि मात्र उम्मेदवार हुनेगरी तोकिएबमोजिमका क्षेत्रबाट निर्वाचित हुने ६ जना,’ विधानको धारा २० (११) मा उल्लेख गरिएको छ । संशोधित विधानले कांग्रेस सभापतिलाई केन्द्रीय कार्यसमितिमा ६१ जना मनोनयन गर्न पाउने अधिकार प्रत्यायोजन गरेको छ । यसअघि सभापतिले ३३ जना मनोनीत गर्न पाउने व्यवस्था विधानमा थियो ।

सभापतिले मनोनीत गर्दा एकतिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था, समावेशी सिद्धान्त, विभिन्न पेसा र विद्यागत प्रतिनिधित्व एवं युवा प्रतिनिधित्व र अपाङ्गता भएका वा अल्पसंख्यक वा पिछडिएको क्षेत्रको प्रतिनिधित्वसमेतलाई ध्यान दिनु पर्नेछ ।

» बाँकी ३ पेजमा

## भदौ २३ र २४ का घटना अपराध हो, उन्मुक्ति दिन हुन्न : प्रदेश प्रमुख

बुटवल । लुम्बिनी प्रदेशका प्रमुख कृष्णबहादुर घर्तीमगरले गत वर्षको भदौ २३ र २४ का घटना अपराध भएको बताएका छन् । बुटवलमा विद्युतीय व्यवसायी महासंघको साधारणसभालाई सम्बोधन गर्दै उनले त्यो अपराधका दोषीहरुले उन्मुक्ति पाउन नहुने बताए । भदौ २४ को आगजनीले उद्योगी व्यवसायीहरु लाई उठ्नै नसक्ने गरी थला पारेको चर्चा गर्दै प्रदेश प्रमुखले त्यही अपराधको जगमा बनेको वर्तमान सरकारको रंगढंग हेर्दा भर पर्न नसकिने समेत बताए । ‘राष्ट्रपति भवन, सर्वोच्च अदालत, संसद् भवन अनि उद्योग-व्यवसाय र व्यक्तिका निजी घर जलाउनु अपराध हो, ती अपराधीले उन्मुक्ति पाउनुहुंदै,’ प्रदेश प्रमुख घर्तीले भने-‘त्यस्तो अपराधबाट फाइदा लिनेहरु, त्यो फाइदाको मोजमस्ती गर्नेहरु र त्यसैको जगमा बनेको वर्तमान सरकारको रंगढंग हेर्दा आशा त गर्न सकिएला तर भर पर्ने अवस्था छैन ।’ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा भएको अर्बौं रकमको सही सदुपयोग र खर्चको पारदर्शीता हुन्छ कि हुन्न भन्ने शंका रहेको पनि प्रदेश प्रमुखले औंल्याए । बाढी प्रभावितको उद्धारमा हेलिकोप्टर प्रयोग र त्यसको खर्चमाथि पनि प्रदेश प्रमुखले प्रश्नहरु रहेका बताए । उनले अहिलेको संसद् संसद जस्तो नभई जात्रा जस्तो रहेको उनले टिप्पणी गरे ।

प्रदेश प्रमुख घर्तीले देशको परिस्थिति जटिल रहेको भन्दै सबैले दृष्टिकोण परिवर्तन गर्न जरुरी रहेको बताए ।

प्रदेश प्रमुख घर्तीले विद्युतीय व्यवसायीको संस्था र दृष्टिकोण सुन्दा र देख्दा खुसी लागेको पनि बताए । विद्युतीय व्यवसायी महासंघले गरेको व्यवसायिक प्रगति, राज्यलाई प्रदान गरेको राजस्व र प्रसस्त विद्युत्को संभावना रहेको देश नेपालमा यसको भविष्य पनि राम्रो रहेको उनले बताए । महासंघका अध्यक्ष दिलिपकुमार अग्रवालले अस्थिर सरकार र निहित स्वार्थका कारण देश र नागरिकको अवस्था चाहेजति विकास हुन नसकेको वताउदै वर्तमान सरकारले विद्युतीय व्यवसायसंगै आम नागरिकको हितमा काम गरोस् र यसमा महासंघको पुर्ण साथ रहने आस्वासन दिएका थिए ।

सरकार संग केही आसा राखेकाले भन्सारमा रहेको समस्या, करमा समस्या समाधानमा सरकार अग्रसर हुने विश्वास व्यक्त गरेका थिए । उनले विद्युत् व्यवसाय आधारभूत आवस्यकताअन्तर्गत पर्ने र यसमा रहेका बैङ्किङ झन्झट, एकिकृत डिजिटल प्रणाली लागू गरेमा व्यवसायीलाई उत्साह जगाउने धारणा राखेका थिए । उनले साना र मझौला व्यवसायीलाई हुदै आएको प्रकृयागत समस्या समाधान गर्न आवस्यक रहेको उल्लेख गरेका थिए ।

अग्रवालले विद्युतीय विस्तारमै देशको भविष्य रहेको वताउदै सहज वनाउन नितिको व्यवहारिक कार्यान्वयनमा जोड दिन आग्रह गरे । विद्युतीय व्यवसायमा दक्ष जनशक्ति र प्राविधिक समस्या रहेको बताउँदै यसमा सरोकारवालाले चासो र चिन्तन गर्नु पर्ने औल्याएका थिए ।

उनले सरकार(निजीक्षेत्र र उपभोक्ता बिचको सहकार्य र समन्वयबाट मात्र सहज हुने धारणा राखेका थिए । रुपन्देही विद्युतीय व्यवसायी संघको सहआयोजना रहेको कार्यक्रममा बोल्दै महासंघका निवर्तमान अध्यक्ष रेसम प्रसाद देवकोटाले व्यवसायमा धेरै कामकाजी समस्या रहेको वताउदै सरकारले व्यवसायीको हकहितका लागि काम गर्ने विश्वास रहेको धारणा राखेका थिए ।

उनले उद्योगी, व्यवसायीलाई लगानी गर्ने र लगानीको सुनिश्चित गर्ने वातावरण सरकारले वनाउन आवश्यक रहे

नगरवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराई,विवाह दर्ता,सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- नगरपालिकामा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं ।

हरि प्रसाद पन्त
प्रमुख प्रशासकीय अधिकृत

खिलध्वज पन्थी
नगर प्रमुख

रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,तम्घास, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# संविधान गतिशील दस्तावेज

असोज ३ गते संविधान दिवस। विभिन्न कार्यक्रम गरी संविधान दिवस मनाइएको छ। २०७२ साल असोज ३ गते संविधान बनेपछि मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको हो। संघीय लोकतान्त्रिक गणतन्त्र नागरिकलाई बलियो र सबल बनाउनका लागि जति महत्वपूर्ण छ, संविधान त्यत्तिकै शक्तिशाली हतियार हो।

संविधान गतिशील दस्तावेज हो। यो आवश्यक परेका बेला संशोधन गरी नागरिकका आकांक्षा पूरा गर्न सकिन्छ। संविधानले 'नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ता' लाई असंशोधनीय भनेको छ। त्यसैगरी, संविधानका चार मुलभूत विषय संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशीता पनि यो संविधानका महत्वपूर्ण खम्बा हुन्। यी बाहेकका विषय परिवर्तन गर्न सकिन्छ। निर्वाचन प्रणालीलाई संशोधन गरी मितव्ययी र अझै सहभागिता वृद्धि सुनिश्चित गर्न सकिन्छ। शासन प्रणाली बलियो आम नागरिकले अपनत्व महशुस गर्न सक्दा नै हुनसक्छ।

सर्वोच्च अदालतले ३१ भदौमा प्रतिनिधिसभा नियमावली, २०८३ मा भएको संविधान संशोधन गर्दा राष्ट्रियसभा र प्रतिनिधिसभा दुवैको जोडेर दुई-तिहाई पुऱ्याउन सकिने व्यवस्था कार्यान्वयन नगर्न अन्तरिम आदेश दियो। संविधानको धारा २७४ मा संविधान संशोधन विधेयक संघीय संसद्का दुबै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाई बहुमतबाट पारित गर्नुपर्ने प्रावधान छ। जसअनुसार संविधान संशोधनका लागि राष्ट्रिय सभा र प्रतिनिधिसभामा दुई तिहाई बहुमत चाहिन्छ। प्रदेशको सीमाना परिवर्तन र प्रदेशको अधिकार (अनुसूची-६) सम्बन्धी विषय संशोधन गर्नुपर्दा भने सम्बन्धित प्रदेश सभाको बहुमतको समर्थन चाहिन्छ। अदालतको यो फैसलाले संविधान संशोधनको विषयलाई खेलाँची नगर्न र परिपक्क ढंगले अघि बढ्न दिशानिर्देश गरेको छ। नागरिकका आशा र आकांक्षा पूरा गर्न दलहरुलाई जिम्मेवार बन्न सम्झाएको छ। अदालतको यो फैसलाले सरकार र रास्वपाले भनेझैं अहिले संविधान संशोधन संभव छैन, किन कि राष्ट्रिय सभामा रास्वपाको दुई तिहाई पुग्न संभव छैन। दुवै सदनको एकमुष्ट दुई तिहाईको साटो छुट्टाछुट्टै दुई तिहाई पुऱ्याउनुपर्ने भन्नुको अर्थ हो, संविधान संशोधनको विषयलाई सामान्य ढंगले सोच्नु हुँदैन। एउटा सरकारले नियुक्त गरेको विज्ञ व्यक्ति पनि अर्को सरकार आउने बित्तिकै हट्नुपर्ने अवस्था भएको मुलुकमा सामान्य अवस्थामा संविधान संशोधन गर्न सकिने भए छिनछिनमा हुन सक्ने र यसले अस्थिरता निम्तिने जोखिम हुन्छ।

संविधानप्रति रास्वपा र सरकारको संशय देखिएका बेला मुलभूत विषयवस्तुप्रति प्रतिबद्धता आएको छ। प्रधानमन्त्रीले संविधानप्रति पूर्ण प्रतिबद्ध रहेको भन्दै कुनै शंका नगर्न आग्रह गर्नुभएको छ। यसले रास्वपा र सरकार विस्तारै संविधानका मुल मर्मभन्दा बाहिर जान सक्दैनन् भन्ने प्रष्ट भएको छ।संविधानप्रति अपनत्व बढाउँदै नागरिकका आकांक्षा पूर्तिमा सरकारको ध्यान केन्द्रित हुनुपर्छ। संविधान र व्यवस्था प्रतिकुल गतिविधिले अराजकता निम्त्याउनले भएकोले व्यवस्था विरोधी गतिविधि नियन्त्रण गर्न दलहरु अग्रसर हुनुपर्छ।

# राज्यको दया होइन लोककल्याणकारी विज्ञापन : सरकारलाई सिधा सात प्रश्न !



रमेश कुमार बोहारा




सरकारले लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने निर्णय गरेपछि नेपाली छापा पत्रकारिता फेरि एकपटक गम्भीर संकटको मोडमा पुगेको छ। सरकारका लागि यो बजेट व्यवस्थापन, प्रशासनिक प्राथमिकता वा खर्च कटौतीको सामान्य निर्णय हुन सक्छ। तर छापा माध्यमका लागि यो कुनै एउटा बजेट शीर्षक घटाइएको विषय मात्र होइन। यो हजारौँ पत्रकार तथा श्रमजीवी पत्रकारको रोजगारी, स्वरोजगारमा आधारित साना तथा मझौला प्रकाशनको अस्तित्व, नागरिकसम्म सार्वजनिक सूचना पुऱ्याउने राज्यको प्रणाली र अन्ततः लोकतान्त्रिक सञ्चार बहुलतासँग जोडिएको गम्भीर प्रश्न हो।

सबैभन्दा महत्वपूर्ण कुरा, सरकारले बुझ्नैपर्ने तथ्य हो। लोककल्याणकारी विज्ञापन कुनै सरकार, मन्त्री वा राजनीतिक दलले पत्रकारलाई दिएको कृपा होइन। यो सात दशक लामो सार्वजनिक सूचना प्रवाहको एउटा स्थापित प्रणाली हो। यसको प्रारम्भिक आधार वि.सं. २०१५ सालमा गठित प्रेस कमिसनले पत्रकारिता विकासका लागि दिएका सुझावसम्म पुग्छ। त्यसपछि पत्रपत्रिकाका प्रतिनिधिलाई प्रमाणपत्र दिने व्यवस्था हुँदै २०१६ सालदेखि पत्रपत्रिकालाई लोककल्याणकारी विज्ञापन दिन सुरु गरिएको सरकारी अभिलेखमा उल्लेख छ।

त्यो समयको सामाजिक, राजनीतिक र सञ्चार परिवेश आजको भन्दा बिल्कुल फरक थियो। रेडियोको पहुँच सीमित थियो। टेलिभिजन सर्वसाधारणको पहुँचमा थिएन। डिजिटल सञ्चार त कल्पनाभन्दा बाहिरको विषय थियो। राज्यका सूचना, सार्वजनिक चेतनामूलक सन्देश, सरकारी निर्णय र नागरिक सरोकारका विषय जनतासम्म पुऱ्याउने प्रमुख माध्यम पत्रपत्रिका नै थिए।

अर्थात्, राज्यले नागरिकलाई सूचना दिने आफ्नो दायित्व पूरा गर्न छापा माध्यम प्रयोग गर्ने प्रणाली त्यतिबेलै निर्माण गरेको थियो। त्यसैले आज आएर लोककल्याणकारी विज्ञापनलाई 'मिडियालाई सरकारले दिने पैसा'का रूपमा मात्र व्याख्या गर्नु इतिहास, नीति र राज्यको सार्वजनिक दायित्व तीनैको अपमान हो।

प्रश्न सीधा छ- सरकारले आफ्ना नीति, निर्णय, सूचना, सार्वजनिक आह्वान र नागरिकसँग सम्बन्धित सन्देश प्रकाशन गराउँछ भने त्यसको लागतलाई मिडियामाथिको सरकारी दया कसरी भन्न मिल्छ ?

लोककल्याणकारी विज्ञापनको मूल अवधारणा पत्रकारलाई दान दिने होइन, नागरिकलाई सूचना दिने हो। राज्यले स्वास्थ्य, शिक्षा, सार्वजनिक सेवा, नागरिक अधिकार, सामाजिक चेतना, सरकारी कार्यक्रम, कानुनी व्यवस्था तथा सार्वजनिक सरोकारका विषयबारे नागरिकलाई जानकारी गराउन सञ्चारमाध्यम प्रयोग गर्छ। सञ्चारमाध्यमले त्यस्तो सूचना प्रकाशित गरेपछि निर्धारित मापदण्ड र प्रक्रियाअनुसार हुने भुक्तानी राज्यले खरिद गरेको सूचना प्रकाशन सेवाको मूल्य हो। त्यसलाई अनुदान वा कृपा भनेर चित्रण गर्नु नै आधारभूत रूपमा गलत छ।

समयसँगै यो प्रणाली पनि परिवर्तन हुँदै आयो। प्रेस काउन्सिल ऐन, २०४८ पछि पत्रपत्रिकाको वितरण सम्परीक्षण तथा वर्गीकरणसम्बन्धी कानुनी संरचना अघि बढ्यो। पत्रपत्रिकालाई विभिन्न वर्गमा राख्ने प्रक्रिया केवल प्रमाणपत्र बाँड्ने अभ्यास थिएन। नियमित प्रकाशन, वितरण, सामग्री, मौलिकता, प्रकृति तथा अन्य मापदण्डका आधारमा वास्तविक र जिम्मेवार प्रकाशनलाई पहिचान गर्ने प्रयाससमेत त्यसमा जोडिएको थियो।

प्रेस काउन्सिल नेपालको अभिलेखअनुसार २०५५ सालमा पहिलोपटक पत्रपत्रिका वर्गीकरण मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइयो। यसले सरकारी विज्ञापन तथा लोककल्याणकारी विज्ञापन वितरणलाई सञ्चारमाध्यमको वास्तविक अवस्था र सार्वजनिक भूमिकासँग जोड्ने आधार थप बलियो बनायो।

त्यसपछि २०६९ सालमा 'सूचना वा विज्ञापनको समानुपातिक वितरण प्रणाली सम्बन्धी निर्देशिका' आयो। यसको मूल भावना सरकारी सूचना तथा विज्ञापन सीमित ठूला सञ्चारमाध्यममा मात्र केन्द्रित नहोस् र सञ्चारमाध्यमको विविधता कायम रहोस् भन्ने अवधारणासँग जोडिएको थियो।

लोकतन्त्रमा केही ठूला सञ्चारगृह बलिया भएर मात्र सूचना प्रणाली बलियो हुँदैन। स्थानीय, प्रदेश, राष्ट्रिय तथा स्वरोजगारमूलक साना-मझौला छापा माध्यमले नागरिकका फरक आवाज, स्थानीय समस्या र सार्वजनिक सरोकारका विषय उठाइरहेका हुन्छन्। यस्ता माध्यमको अस्तित्व कमजोर पार्नु भनेको सूचना प्रवाहको बहुलता र नागरिकको सूचनामा पहुँच दुवै कमजोर पार्नु हो।

लोककल्याणकारी विज्ञापनको इतिहासमा २०७६ साल अर्को महत्वपूर्ण मोड बन्यो। प्रेस काउन्सिल नेपालको प्रकाशनमा उल्लेख भएअनुसार बहुदलीय व्यवस्थापछि पत्रपत्रिकालाई प्रकाशनका लागि कागज खरिदमा सहयोग गर्ने पुरानो व्यवस्था करिब २०७५/०७६ सम्म कायम थियो। त्यसपछि वर्गीकरणमा परेका पत्रपत्रिकाले लोककल्याणकारी विज्ञापन प्रकाशन गर्ने, बिल तथा प्रमाण पेश गर्ने र तोकिएको प्रक्रियाबाट रकम प्राप्त गर्ने भुक्तानी प्रणाली अघि बढ्यो। २०७६ साउनदेखि यस्तो प्रणाली निरन्तर रहेको उल्लेख छ। यसले आजको प्रणालीको आधार तयार गऱ्यो। त्यसैले अहिले नियमित प्रकाशन गरिरहेका पत्रपत्रिकाले सरकारसँग 'मन लागेर पैसा देऊ' भनेर माग गरिरहेका होइनन्। उनीहरूले राज्यको सार्वजनिक सूचना प्रकाशन गर्छन्, निर्धारित प्रक्रिया पूरा गर्छन्, बिल तथा प्रमाण पेश गर्छन् र राज्यले तोकेको प्रणालीअनुसार भुक्तानी लिन्छन्।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ पछि विज्ञापन क्षेत्र नियमन गर्न विज्ञापन बोर्डको संस्थागत संरचना बन्यो। त्यसपछि लोककल्याणकारी विज्ञापनको व्यवस्थापनमा विज्ञापन बोर्ड महत्वपूर्ण निकायका रूपमा स्थापित भयो। छापा माध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी कार्यविधि, २०८० जारी भयो। त्यसपछि २०८२ मा समेत नयाँ कार्यविधि जारी गरिएको छ।

यहाँबाट सरकारमाथि अझ गम्भीर प्रश्न उठ्छ। राज्य आफैँ कानुन बनाउँछ, कार्यविधि बनाउँछ, वर्गीकरण गर्छ, विज्ञापन उपलब्ध गराउँछ, बिल माग्छ, प्रमाण माग्छ, अनि निर्धारित प्रक्रियाबाट भुक्तानी गर्ने प्रणाली स्थापित गर्छ। तर संकट देखिएपछि त्यही प्रणालीको रकम कटौती गर्छ भने नीति बनाउने राज्य आफ्नो नीतिको आर्थिक जिम्मेवारीबाट उम्किन मिल्छ ?

यदि प्रणालीमा कमजोरी छन् भने सुधार गर। यदि अनियमितता छन् भने छानबिन गर। यदि वितरण नभएका पत्रिका देखाएर सुविधा लिने प्रवृत्ति छ भने त्यसलाई रोक। तर केही गलत अभ्यासको बहाना बनाएर नियमित प्रकाशन गरिरहेका, पत्रकार तथा श्रमजीवी पत्रकारलाई रोजगारी दिइरहेका र नागरिकसम्म सूचना पुऱ्याइरहेका वास्तविक छापा माध्यमलाई सामूहिक रूपमा दण्डित गर्ने नीति कदापि न्यायोचित हुन सक्दैन।

आज नेपाली छापा पत्रकारिता आफैँ गम्भीर आर्थिक दबाबमा छ। विज्ञापन बजार सीमित छ। डिजिटल माध्यमको विस्तारले परम्परागत विज्ञापन बजार खुम्चिएको छ। कागज, छपाइ, ढुवानी र वितरण खर्च निरन्तर बढिरहेको छ। आर्थिक गतिविधिमा आएको सुस्तताले निजी क्षेत्रको विज्ञापन क्षमता घटाएको छ। सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्मले विज्ञापन बजारको ठूलो हिस्सा तानेका छन्। यस्तो अवस्थामा राज्यले निजी क्षेत्रको व्यावसायिक विज्ञापनको विकल्प बन्नुपर्दैन। तर राज्यले स्वयं नागरिकलाई दिनुपर्ने सार्वजनिक सूचना प्रकाशनको खर्चचाहिँ घटाउन मिल्दैन।

अझ गम्भीर पक्ष के हो भने छापा माध्यम संकटमा परेको विषय स्वयं प्रेस काउन्सिल नेपालले समेत विभिन्न समयमा उठाउँदै आएको छ। सामाजिक सञ्जालको विस्तार, प्राकृतिक विपत्ति, महामारी तथा बदलिँदो सञ्चार वातावरणले पत्रकारिता क्षेत्रमा पारेको असरमध्ये छापा माध्यममा परेको आर्थिक दबाब गम्भीर रहेको भन्दै लोककल्याणकारी विज्ञापनको रकम बढाउनुपर्ने सुझावसमेत दिइएको अवस्थामा सरकार उल्टो दिशामा हिँड्नुले निर्णयको औचित्यमाथि थप प्रश्न खडा गरेको छ। सात दशकदेखि नागरिकलाई सूचना दिने प्रणालीमा आज आएर खर्च कटौती किन ? सरकारले बजेट अभाव देखाउँछ भने प्रश्न गर्नैपर्छ। सरकारी सूचना नागरिकसम्म पुऱ्याउने खर्च नै किन कटौतीको पहिलो निशाना बन्यो ? राज्यका अन्य क्षेत्रमा हुने खर्चमा मितव्ययिता खोज्ने पर्याप्त ठाउँ हुँदाहुँदै सार्वजनिक सूचना प्रवाहको पूर्वाधारमाथि नै प्रहार किन ?

लोककल्याणकारी विज्ञापन कटौतीको असर प्रकाशकको बैंक खातामा मात्र पर्दैन। यसको प्रत्यक्ष असर पत्रकार तथा श्रमजीवीको रोजगारीमा पर्छ। प्रेस, कागज, छपाइ, वितरण, ढुवानीलगायतका व्यवसाय प्रभावित हुन्छन्। स्थानीय तहदेखि राष्ट्रिय तहसम्म सूचना प्रवाहको सञ्जाल कमजोर हुन्छ। स्वरोजगारमूलक प्रकाशन बन्द हुने जोखिम बढ्छ। अन्ततः यसको असर लोकतान्त्रिक बहुलतामै पर्छ। त्यसैले यो विवादलाई 'पत्रिकाले सरकारसँग पैसा मागेको' भनेर प्रस्तुत गर्नु वास्तविक समस्याबाट भाग्ने सजिलो बाटो मात्र हो। लोकतन्त्रमा प्रेस सरकारको ग्राहक होइन, आलोचक हो। प्रेसले सरकारका निर्णयमाथि प्रश्न गर्छ। सार्वजनिक खर्चको हिसाब खोज्छ। भ्रष्टाचार, अनियमितता र नीतिगत कमजोरी उजागर गर्छ। नागरिकका गुनासा सार्वजनिक गर्छ। यही प्रेसलाई आर्थिक रूपमा कमजोर पारेर बलियो लोकतन्त्रको कल्पना गर्न सकिँदैन।

सरकारले प्रेसले आफ्नो पक्षमा लेखोस् भनेर लोककल्याणकारी विज्ञापन दिने होइन। नागरिकले आफ्नो नीति, निर्णय र सार्वजनिक सन्देशबारे जानकारी पाऊन् भनेर विज्ञापन दिने हो। यही आधारभूत अन्तर नबुझ्दा अहिलेको बहस गलत दिशामा धकेलिएको छ। यदि सरकारले लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्छ भने अर्को प्रश्न झन् गम्भीर हुन्छ। सरकारकारका सूचना नागरिकसम्म कसरी पुग्नेछन् ? के राज्यको निष्कर्ष अब सरकारी सूचना सामाजिक सञ्जालबाट मात्र पुग्छ भन्ने हो ? यदि त्यस्तो हो भने देशका सबै नागरिक डिजिटल पहुँचमा छन् भन्ने भ्रमबाट सरकार बाहिर निस्कनुपर्छ। डिजिटल पहुँच बढेको सत्य हो, तर छापा माध्यमको विश्वसनीयता, अभिलेखीय महत्व र स्थानीय पहुँच समाप्त भएको छैन। विशेषगरी स्थानीय तथा स्वरोजगारमूलक प्रकाशनले ती नागरिकसम्म सूचना पुऱ्याइरहेका छन्, जहाँ ठूला सञ्चारगृहको पहुँच सीमित हुन सक्छ। त्यसैले स्वरोजगारमूलक प्रकाशनको अस्तित्वलाई कमजोर पार्नु केवल केही प्रकाशकको व्यवसायमा प्रहार होइन, स्थानीय सूचना प्रणालीमै प्रहार हो। अब बहस लोककल्याणकारी विज्ञापन दिने कि नदिने भन्ने होइन। बहस यसलाई कसरी अझ पारदर्शी, समानुपातिक, परिणाममुखी र दिगो बनाउने भन्ने हुनुपर्छ।

राज्यले अनियमितता रोक्नुपर्छ, तर नियमितलाई सजाय दिनु हुँदैन। वर्गीकरण वैज्ञानिक बनाउनुपर्छ, तर वर्गीकरणकै नाममा स्वरोजगारमूलक माध्यमलाई आर्थिक रूपमा समाप्त पार्नु हुँदैन। वितरणमा पारदर्शिता ल्याउनुपर्छ, तर ठूला सञ्चारमाध्यमलाई मात्र लाभ पुग्ने गरी प्रणाली केन्द्रीकृत गर्नु हुँदैन। वास्तविक प्रकाशन, नियमितता, वितरण, पत्रकार तथा कर्मचारीको संख्या, स्थानीय पहुँच र सार्वजनिक सूचना प्रवाहमा योगदानलाई आधार बनाएर प्रणाली पुनर्संरचना गर्न सकिन्छ। डिजिटल प्रमाण, पारदर्शी अभिलेख र प्रभावकारी अनुगमन प्रणाली विकास गर्न सकिन्छ। विज्ञापन बोर्डको प्रशासनिक खर्च र अनावश्यक प्रक्रियागत झन्झट घटाउन सकिन्छ। तर सूचना प्रकाशनको मूल खर्च कटौती गरेर प्रणाली सुधार हुँदैन।

वि.सं. २०१६ सालमा सुरु भएको यो व्यवस्था सात दशकको यात्रामा आइपुगेको छ। बीचमा राजनीतिक व्यवस्था फेरिए, सरकार फेरिए, प्रविधि फेरियो, सञ्चारको स्वरूप फेरियो, कागजबाट रेडियो, टेलिभिजन हुँदै डिजिटल युग आयो, तर एउटा आधारभूत आवश्यकता बदलिएन राज्यलाई नागरिकसँग सूचना मार्फत जोडिराख्नुपर्ने आवश्यकता। त्यसैले आजको मूल प्रश्न लोककल्याणकारी विज्ञापन राज्यको दया हो कि होइन भन्ने होइन। इतिहासले त्यसको जवाफ धेरैअघि दिइसकेको छ। यो राज्यले आफ्ना सार्वजनिक सूचना नागरिकसम्म पुऱ्याउन निर्माण गरेको प्रणाली हो। सरकारले चाहेमा प्रणाली सुधार्न सक्छ, अनियमितता रोक्न सक्छ, पारदर्शिता बढाउन सक्छ, वर्गीकरणलाई वैज्ञानिक बनाउन सक्छ, तर सात दशकदेखि विकास हुँदै आएको सार्वजनिक सूचना प्रवाहको संरचनालाई आर्थिक रूपमा कमजोर बनाएर लोकतन्त्र बलियो बनाउन सकिँदैन। सरकारले बुझ्नुपर्ने कुरा यति मात्र हो। लोककल्याणकारी विज्ञापन पत्रकारितालाई दिइएको दान होइन, नागरिकलाई सूचना दिन राज्यले गर्ने खर्च हो। त्यसको रकम कटौती गर्नु भनेको केवल मिडियाको आम्दानी घटाउनु होइन, राज्यको सूचना नागरिकसम्म पुऱ्याउने आफ्नै दायित्व कमजोर बनाउनु हो।

राज्यको चौथो अंगलाई कमजोर पारेर राज्यका बाँकी तीन अंग बलिया हुँदैनन्। स्वतन्त्र प्रेस राज्यको बोझ होइन, राज्यलाई नागरिकप्रति जवाफदेही बनाउने सार्वजनिक पूर्वाधार हो। सात दशकपछि सरकारले इतिहास उल्ट्याउने होइन, प्रणाली सुधार्ने साहस देखाउनुपर्छ। लोककल्याणकारी विज्ञापन कटौती होइन, अनियमितता नियन्त्रण, पारदर्शी वितरण, वैज्ञानिक वर्गीकरण र वास्तविक सञ्चारमाध्यमको न्यायोचित संरक्षण आजको आवश्यकता हो। किनकि, प्रश्न केही पत्रपत्रिकाले कति रकम पाए भन्ने मात्र होइन, मूल प्रश्न यो हो- नागरिकले राज्यको सूचना पाउने अधिकारलाई सरकारले कति मूल्य दिएको छ ?

**सरकारलाई सिधा सात प्रश्न –**

१) २०१६ सालदेखि नागरिकसम्म सार्वजनिक सूचना पुऱ्याउन प्रयोग हुँदै आएको प्रणाली आज अचानक राज्यका लागि बोझ कसरी बन्यो ?

२) सरकारले आफ्नै सूचना पत्रपत्रिकामा प्रकाशन गराउँछ भने त्यसको लागतलाई 'मिडियालाई दिएको अनुदान' भनेर किन व्याख्या गरिँदैछ ?

३) अनियमित प्रकाशन छन् भने दोषीलाई कारबाही गर्ने कि नियमित र वास्तविक प्रकाशनको विज्ञापनसमेत काट्ने ?

४) छापा पत्रकारिता गम्भीर आर्थिक संकटमा रहेको तथ्य थाहा हुँदाहुँदै रकम कटौती गर्ने निर्णयको आधार के हो ?

५) प्रेस काउन्सिलले नै लोककल्याणकारी विज्ञापनको रकम बढाउन सुझाव दिइरहेको अवस्थामा सरकार उल्टो दिशामा किन हिँड्दैछ ?

६) स्थानीय, स्वरोजगारमूलक तथा साना-मझौला छापा माध्यम कमजोर हुँदा नागरिकको स्थानीय सूचना अधिकार र सञ्चारको बहुलता कसरी सुरक्षित हुन्छ ?

७) सरकारको वास्तविक लक्ष्य अनियमितता रोक्नु हो भने प्रणाली सुधार्ने नीति किन नल्याउने ? रकम कटौती नै किन पहिलो उपाय ?

घटना र विचारबाट

# उद्योग व्यापार संघमा तीन वस्तुगत उप-समिति गठन







बुटवल। उद्योग व्यापार संघ बुटवलमा तीन वस्तुगत उपसमिति गठन भएका छन्। संघले व्यवसायीका समस्या, आवश्यकता र हकहितलाई थप प्रभावकारी रूपमा सम्बोधन गर्ने उद्देश्यले शुक्रबार पोल्ट्री तथा नर्सरी व्यवसायी उपसमिति र होटल तथा रेष्टुरेण्ट व्यवसायी उपसमिति तथा शनिबार अटोमोबाइल्स उपसमिति गठन गरेको हो। संस्थाका अध्यक्ष लोकनाथ पन्थीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा तीनै उपसमितिका पदाधिकारी तथा सदस्यहरू मनोनयन गरिएको हो।

पोल्टी तथा नर्सरी व्यवसायी उपसमितिको संयोजकमा मिलन पन्थी, सचिवमा गोपालप्रसाद पाण्डे र कोषाध्यक्षमा रेखा बस्नेत चयन भएका छन्। त्यस्तै सदस्यमा श्रीधर पोखेल र मधुसुधन बस्नेत छन् भने दया बहादुर सिलवाललाई सल्लाहकारमा मनोनित गरिएको छ।

होटल तथा रेष्टुरेण्ट व्यवसायी उपसमितिको संयोजकमा माधव खनाल, सचिवमा बालकृष्ण ज्ञवाली र कोषाध्यक्षमा कुलचन्द्र गौतम चयन चयन भएका छन्। त्यस्तै सदस्यमा ध्रुव पोखेल र टिकाराम ज्ञवाली छन्। यस्तै अटोमाइल्स उप-समितिमा संयोजकमा महेश पन्थी, सहसंयोजक जीवन बोहरा, सचिव खिमकान्त रेग्मी, कोषाध्यक्ष कृष्णप्रसाद भण्डारी, सल्लाहकार शोभाखर भण्डारी र सदस्यहरूमा माधव भण्डारी, सूर्यकान्त सिंह, रोहित मिश्र, गणेश घिमिरे , सागर खनाल, कृष्ण पाण्डे, बलराम खत्री, विष्णु कार्की , पी के सिग्देल, तुलसीराम गौतम र मनोज अर्याल चयन भएका छन्। नवगठित तीन वटै उपसमितिले सम्बन्धित व्यवसाय क्षेत्रका समस्या पहिचान, व्यवसायीबीच समन्वय, व्यवसाय प्रवर्द्धन तथा व्यवसायीका हकहितका विषयमा सक्रिय भूमिका निर्वाह गर्ने संघले विश्वास लिएको वरिष्ठ उपाध्यक्ष पदम जीसीले बताए। संघले अन्य उपसमितिहरु पनि निरन्तर गठन गर्दै जाने क्रममा रहेको महासचिव विजय आचार्यले बताए।

## बाढीपछि देखिने अर्को संकटः

# मानसिक स्वास्थ्यमा पर्ने प्रभाव

नितु साह

बाढीलाई हामी प्रायः प्राकृतिक विपद्का रूपमा मात्र बुझ्छौँ । बाढी आउँदा हाम्रो ध्यान तत्काल मानिसको उद्धार, सुरक्षित स्थानमा स्थानान्तरण, खाना, पानी, औषधि तथा आश्रय व्यवस्थापनतर्फ केन्द्रित हुन्छ । तर बाढीले आँखाले देखिने भौतिक क्षतिसँगै मानिसको मन र मानसिक स्वास्थ्यमा पार्ने प्रभाव पनि उत्तिकै महत्वपूर्ण हुन्छ । अचानक आएको बाढीमा आफ्नो र परिवारका सदस्यको सुरक्षाको चिन्ता, घर तथा सम्पत्ति गुमाउने डर, आफन्तसँग छुट्टिने अवस्था, जीविकोपार्जनमा आएको क्षति र भविष्यमा के हुन्छ भन्ने अनिश्चितताले मानिसमा डर, तनाव, बेचैनी र असुरक्षाको भावना उत्पन्न गर्न सक्छ ।

बाढीको पानी घट्दै जाँदा भौतिक क्षति देखिन थाल्छ, तर मानसिक स्वास्थ्यमा परेको असर त्यति सजिलै देखिँदैन । कतिपय मानिस बाढीपछि पनि आफूले भोगेको घटना, गुमाएका आफन्त, घर तथा सम्पत्ति र भविष्यप्रतिको अनिश्चिततासँग लामो समयसम्म संघर्ष गरिरहेका हुन सक्छन् ।

**बाढीको समयमा मनमा के हुन्छ ?**

बाढीको समयमा मानिसको जीवन र सुरक्षामाथि अचानक संकट आइपर्छ । सुरक्षित स्थानमा पुग्ने हतार, परिवारका सदस्य कहाँ छन् भन्ने चिन्ता, घर तथा सम्पत्ति बग्ने डर र आफू तथा आफ्ना प्रियजनको भविष्यबारेको अनिश्चितताले मानसिक दबाब बढाउन सक्छ । विशेषगरी बाढीमा फसेका, आफन्तबाट छुट्टिएका, प्रियजन गुमाएका वा आफ्नो घर तथा सम्पत्ति पूर्ण रूपमा गुमाएका व्यक्तिमा तीव्र भय, बेचैनी, तनाव र मानसिक आघात (ट्रमा) को जोखिम हुन सक्छ ।

यस्तो अवस्थामा मानिसले अत्यधिक डराउने, आत्तिने, लगातार चिन्तित रहने, निद्रा नलाग्ने वा घटनाबारे बारम्बार सोचिरहने अनुभव गर्न सक्छ। यी प्रतिक्रिया विपद्पछि देखिन सक्ने सामान्य मानसिक तथा भावनात्मक प्रतिक्रियाका रूपमा पनि देखा पर्न सक्छन् ।

**बाढीको पानी घटेपछि पनि संकट समाप्त हुँदैन**

बाढीको पानी घटेपछि बाहिरी वातावरण सामान्य बन्दै गएको देखिए पनि प्रभावित व्यक्तिको जीवन तत्काल सामान्य अवस्थामा फर्किंदैन ।

घर नष्ट भएको हुन सक्छ । रोजगारी वा व्यवसाय गुमेको हुन सक्छ । खेतबारी तथा पशुधनमा क्षति पुगेको हुन सक्छ । परिवार विस्थापित भएको हुन सक्छ । आफन्त अझै सम्पर्कविहीन वा बेपत्ता हुन सक्छन् । यस्तो अवस्थामा भविष्यप्रतिको अनिश्चितता थप बढ्छ । यस कारण प्रभावित व्यक्तिमा चिन्ता, तनाव, दुःख, निद्रामा समस्या, बेचैनी तथा मानसिक आघात जस्ता समस्या देखिन सक्छन् ।

केही व्यक्तिमा बाढीको घटना वा त्यससँग सम्बन्धित डर र सम्झना बारम्बार आउने, अत्यधिक सतर्क रहने, सामान्य आवाजमा पनि आत्तिने, एक्लै बस्न डराउने वा दैनिक काममा ध्यान दिन कठिनाइ हुनेजस्ता लक्षण देखिन सक्छन् ।

यस्ता समस्या लामो समयसम्म रहँदा डिप्रेसन तथा पोस्ट-ट्रमाटिक स्ट्रेस डिसअर्डर (पीटीएसडी) जस्ता मानसिक स्वास्थ्य समस्या विकास हुने जोखिम रहन सक्छ । तर एउटा महत्वपूर्ण कुरा बुझ्न आवश्यक छ- बाढीपछि डर, दुःख वा तनाव अनुभव गर्दैमा सबै व्यक्तिलाई मानसिक रोग भएको भन्ने हुँदैन । धेरै मानिस समय, परिवारको सहयोग, समुदायको साथ र सुरक्षित वातावरण पाएपछि क्रमशः सामान्य अवस्थामा फर्कन सक्छन् । समस्या लामो समयसम्म रह्यो वा दैनिक जीवनमा गम्भीर असर पर्न थाल्यो भने स्वास्थ्यकर्मी वा मानसिक स्वास्थ्य विशेषज्ञसँग सहयोग लिन आवश्यक हुन्छ ।

**सबैभन्दा बढी जोखिममा को हुन्छन् ?**

बाढीको मानसिक प्रभाव सबै व्यक्तिमा समान हुँदैन । बालबालिका, गर्भवती महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पहिले नै मानसिक स्वास्थ्यसम्बन्धी समस्या भएका व्यक्तिहरू थप जोखिममा पर्न सक्छन् ।

बालबालिकाले आफूले देखेको वा भोगेको घटनालाई वयस्कले जस्तै व्यक्त गर्न नसक्न सक्छन् । उनीहरूमा डर, आमाबाबुसँग छुट्टिने चिन्ता, निद्रामा समस्या, अत्यधिक रोइरहने, चुप लाग्ने वा व्यवहारमा परिवर्तन देखिन सक्छ ।

गर्भवती महिलामा आफ्नो तथा गर्भमा रहेको शिशुको सुरक्षाप्रतिको चिन्ताले मानसिक तनाव बढाउन सक्छ। ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई सुरक्षित स्थानमा पुग्न, नियमित औषधि लिन तथा आवश्यक स्वास्थ्य सेवामा पहुँच कायम राख्न थप कठिनाइ हुन सक्छ ।

त्यसैले बाढीको समयमा राहत, उद्धार र पुनर्स्थापनाका कार्यक्रम बनाउँदा यी संवेदनशील समूहको मानसिक स्वास्थ्य तथा मनोसामाजिक आवश्यकतालाई विशेष प्राथमिकता दिनुपर्छ ।

**रासुवा–नुवाकोटको बाढी : आँखैअगाडिको उदाहरण**

नेपालमा बाढीले मानसिक स्वास्थ्यमा पार्ने प्रभावलाई बुझ्न २६ अगस्ट २०२६ मा रासुवा, नुवाकोट, धादिङलगायतका क्षेत्रमा आएको विनाशकारी आकस्मिक बाढी पछिल्लो महत्वपूर्ण उदाहरण हो । विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का अनुसार उक्त दिन आएको फ्ल्यास फ्लडले भोटेकोशी र त्रिशूली नदी करिडोर आसपासका समुदायलाई प्रभावित गरेको थियो । रासुवा, नुवाकोट, धादिङ र चितवनका साथै गोरखा र तनहुँका केही क्षेत्र पनि प्रभावित भएका थिए । बाढीले घर, बजार, सडक, पुल, खानेपानी तथा सरसफाइ प्रणाली र जलविद्युत् पूर्वाधारमा क्षति पुऱ्याएको थियो । प्रारम्भिक विवरणअनुसार करिब १० हजार घरपरिवारलाई तत्काल राहत आवश्यक परेको थियो । स्वास्थ्य सेवामा समेत अवरोध आएको थियो ।

तर यस विपद्को प्रभाव केवल भौतिक संरचनामा सीमित छैन । डब्लूएचओले बाढीबाट हुने प्रियजनको क्षति, घर तथा जीविकोपार्जनको नोक्सानी, विस्थापन र भविष्यप्रतिको अनिश्चितताले प्रभावित समुदायको मानसिक स्वास्थ्य तथा मनोसामाजिक कल्याणमा महत्वपूर्ण असर पार्न सक्ने जनाएको छ ।

**प्रभावितको संख्या कति ?**

युनिसेफको ९ सेप्टेम्बर २०२६ को विवरणअनुसार, पछिल्लो बाढीबाट छ जिल्लामा अनुमानित ८४ हजार २७० मानिस प्रभावित भएका छन्, जसमा ३२ हजार २१ बालबालिका रहेका छन्। हजारौँ परिवार नुवाकोट, रासुवा र धादिङका अस्थायी होल्डिङ सेन्टरमा बसिरहेका छन् ।

यो संख्या केवल राहतको आवश्यकता देखाउने तथ्यांक होइन; यसले विपद्को मानसिक स्वास्थ्यसम्बन्धी सम्भावित आवश्यकता पनि कति ठूलो हुन सक्छ भन्ने संकेत गर्छ। घर, विद्यालय, स्वास्थ्य संस्था, खानेपानी प्रणाली र सामाजिक वातावरणमा आएको ठूलो परिवर्तनले प्रभावित मानिसमा लामो समयसम्म असुरक्षा र तनावको भावना कायम रहन सक्छ ।

**नुवाकोटमा मानसिक स्वास्थ्यको प्रत्यक्ष अवस्था**

नुवाकोटमा बाढीपछि मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगको आवश्यकता प्रत्यक्ष रूपमा देखिएको छ । युनिसेफले २ सेप्टेम्बर २०२६ मा प्रकाशित गरेको विवरणमा नुवाकोटका प्रभावित परिवारमा शोक, अनिश्चितता र फेरि बाढी आउन सक्ने डर रहेको उल्लेख गरेको छ । केही बालबालिका तथा वयस्कमा निद्रा तथा खानपानमा समस्या, आफ्ना भावना व्यक्त गर्न कठिनाइ र आफन्तको खोजी तथा मृत्युको शोक देखिएको विवरण पनि छ । प्रभावित बालबालिका तथा परिवारलाई समूहगत काउन्सेलिङ तथा व्यक्तिगत हेरचाह उपलब्ध गराइएको छ ।

यसको एउटा मार्मिक उदाहरण नुवाकोटमा अस्थायी आश्रयमा बसेकी एक आमाको अनुभव हो । फेरि बाढी आउन सक्ने हल्ला सुन्दा उनी अत्यन्त डराउने र दौडिन खोज्ने अवस्था आएको युनिसेफले उल्लेख गरेको छ । उनकी चार वर्षीया छोरीले आमाको डर देखेर आफैँ रुन थालेकी थिइन् । यस्तो उदाहरणले विपद्को डर कसरी परिवारका सदस्य र विशेषगरी बालबालिकामा समेत सर्न सक्छ भन्ने देखाउँछ ।

**७४० जनाले लिए साइकियाट्रिक तथा काउन्सेलिङ सर्विस**

बाढीपछि मानसिक स्वास्थ्य सेवाको आवश्यकता व्यवहारमै देखिएको अर्को तथ्य नुवाकोटमा सञ्चालन गरिएको काउन्सेलिङ सर्विस हो ।

रासुवा-भोटेकोशी बाढीसम्बन्धी ४ सेप्टेम्बर २०२६ को समेकित विवरणअनुसार, नुवाकोटका होल्डिङ सेन्टरमा पाँच जना साइकियाट्रिस्ट तथा काउन्सेलरसहित २२ सदस्यीय टोलीले साइकोसोसल तथा काउन्सेलिङ सर्विस प्रदान गरिरहेको थियो । उक्त विवरणअनुसार २ सेप्टेम्बर २०२६ सम्म करिब ७४० जनाले साइकियाट्रिक तथा काउन्सेलिङ सर्विस प्राप्त गरेका थिए।

यो तथ्यले बाढीपछि मानसिक स्वास्थ्य सेवा कुनै अतिरिक्त सुविधा मात्र नभई आवश्यक स्वास्थ्य सेवाको एउटा महत्वपूर्ण हिस्सा भएको देखाउँछ ।

**बालबालिकाको मानसिक स्वास्थ्यमा विशेष ध्यान**

बाढीका बेला बालबालिकाले आफूले बुझ्न नसक्ने स्तरको भय र असुरक्षा अनुभव गर्न सक्छन् । घर बग्नु, परिवारबाट छुट्टिनु, विद्यालय बन्द हुनु, साथीभाइबाट अलग हुनु र परिचित वातावरण अचानक परिवर्तन हुनुले उनीहरूको मानसिक तथा भावनात्मक स्वास्थ्यमा असर पार्न सक्छ ।

युनिसेफका अनुसार, हालैको बाढीबाट प्रभावित बालबालिकाका लागि सुरक्षित वातावरण, विश्वास गर्न सकिने वयस्कको साथ, शिक्षा, खेल र मनोसामाजिक सहयोग महत्त्वपूर्ण छन् । नुवाकोटमा युनिसेफको सहयोगमा बालमैत्री स्थान स्थापना गरी बालबालिकालाई सुरक्षित वातावरण, खेल्ने अवसर तथा सामान्य दिनचर्यामा फर्किन सहयोग गरिएको छ । यसले विपद्पछि बालबालिकालाई खाना, कपडा र विद्यालय सामग्री उपलब्ध गराउनु मात्र पर्याप्त नहुने देखाउँछ । उनीहरूलाई सुरक्षित महसुस गर्ने वातावरण, परिवारसँग पुनर्मिलन, खेल्ने अवसर र आवश्यक मनोसामाजिक सहयोग पनि चाहिन्छ ।

**राहतमा खाना र पानीसँगै 'मनको हेरचाह' पनि**

बाढीपछि राहत तथा पुनर्स्थापनाका कार्यक्रमलाई खाना, सुरक्षित पानी, औषधि र आवासको व्यवस्थामा मात्र सीमित गर्नु हुँदैन। प्रभावित व्यक्तिको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगलाई पनि विपद् प्रतिकार्यको महत्वपूर्ण हिस्साका रूपमा समावेश गर्न आवश्यक छ ।

स्वास्थ्यकर्मी तथा समुदायस्तरबाट मानसिक स्वास्थ्यसम्बन्धी समस्या पहिचान गर्ने, प्राथमिक मनोसामाजिक सहयोग प्रदान गर्ने, आवश्यक परामर्श दिने र गम्भीर समस्या भएका व्यक्तिलाई विशेषज्ञ सेवामा समयमै प्रेषण गर्ने व्यवस्था आवश्यक हुन्छ ।

परिवारका सदस्य, महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक, स्थानीय जनप्रतिनिधि, समुदाय का अगुवा तथा स्वास्थ्यकर्मीलाई सामान्य मानसिक स्वास्थ्य समस्या पहिचान र प्राथमिक सहयोगबारे जानकारी दिन सकिन्छ ।

---

वडादेखि...

'नेपाली कांग्रेसको क्रियाशील सदस्य भएका केन्द्रीय महाधिवेशन प्रतिनिधिमध्येबाट केन्द्रीय सभापतिले कार्यसमितिमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था, समावेशी सिद्धान्त विभिन्न पेसा र विद्यागत प्रतिनिधित्व एवं युवा प्रतिनिधित्व र अपाङ्गता भएका वा अल्पसंख्यक वा पिछडिएको क्षेत्रको प्रतिनिधित्व समेतलाई ध्यानमा राखी ६१ जना सदस्य मनोनीत गर्नेछ ।'- विधानमा उल्लेख छ ।

संशोधित विधानमा कोषाध्यक्ष मनोनीत गरिने पुरानै वैधानिक व्यवस्थालाई निरन्तरता दिइएको छ । विधानमा लेखिएको छ-'केन्द्रीय सभापतिले केन्द्रीय कार्यसमितिका सदस्यमध्येबाट नाम प्रस्ताव गरी निर्वाचित केन्द्रीय कार्यसमितिबाट निर्वाचित कोषाध्यक्ष एक ।' १३औं महाधिवेशनसम्म कांग्रेसको कोषध्यक्ष पनि निर्वाचित हुनुपर्ने व्यवस्था थियो । १४औं महाधिवेशनमा विधान संशोधन गर्दा कोषाध्यक्ष निर्वाचित केन्द्रीय कार्यसमिति सदस्यबाट मनोनीत गर्ने प्रावधान राखिएको थियो । वडा क्षेत्रभित्रका क्रियाशील सदस्यहरू कांग्रेसको वडा अधिवेशनमा सदस्य हुन्छन् । वडा अधिवेशनले सभापति, एक महिलासहित दुई उपसभापति, एक सचिव एक र एक सह-सचिव निर्वाचित गर्ने छ । कांग्रेसको विधानअनुसार गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाअन्तरर्गतका वडाबाट निर्वाचित हुने वडा सभापतिले निर्वाचित वडा कार्यसमितिबाट कोषाध्यक्ष मनोनीत गर्न पाउँछन् ।

गाउँपालिका वडा अधिवेशनबाट कम्तिमा दुई महिला, एक दलित र ३० वर्ष मुनिको एक युवासहित सात जनालाई वडा सदस्यमा निर्वाचित हुने छन् । कांग्रेस विधानमा नगर-उपमहानगरपालिका वडा अधिवेशनले भने दुई महिला, एक दलित र ३० वर्ष मुनिका दुई युवासहित आठ जनालाई वडा सदस्यमा निर्वाचित गर्नुपर्ने हुन्छ ।

यस्तै महानगरपालिकाको वडा अधिवेशनबाट कम्तिमा तीन महिला, एक दलित र ३० वर्ष मुनिका तीन युवासहित ११ जना वडा सदस्यमा प्रत्यक्ष निर्वाचित हुन्छन् । कांग्रेसको विधानमा वडा सभापतिलाई वडा सदस्यका लागि मनोनीत गर्ने अधिकार स्थानीय तहअनुसार फरक-फरक व्यवस्था गरिएको छ । जसअनुसार गाउँपालिका वडा सभापतिले पाँच, नगर-उपमहानगरपालिका वडा सभापतिले छ र महानगरपालिका वडा सभापतिले सात जनालाई मनोनीत गर्न पाउँछन् । वडा सभापतिले कार्यसमितिमा एकतिहाइ सदस्य अनिवार्य महिला हुनु पर्ने व्यवस्था तथा समावेशी सिद्धान्तअनुरुप सबै समुदायको प्रतिनिधित्व, अल्पसंख्यकको प्रतिनिधित्व, अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व, युवा प्रतिनिधित्वसमेतलाई ध्यानमा राखी क्रियाशील सदस्यमध्येबाट वडा सदस्य मनोनीत गर्नुपर्ने वैधानिक प्रावधान छ ।

कांग्रेसको विधानअनुसार प्रत्येक महिनामा कम्तिमा एक पटक वडा कार्यसमितिको बैठक बस्नुपर्ने हुन्छ । क्षेत्रीय अधिवेशनका प्रतिनिधिलाई वडा कार्यसमितिको बैठकमा आवश्यकताअनुसार आमन्त्रण गर्न सकिने विधानमा उल्लेख छ । यस्तै वडा कार्यसमितिले मातहतका टोल कार्यसमितिका सभापतिलाई वडा कार्यसमितिको बैठकमा अनिवार्य आमन्त्रण गर्नुपर्ने हुन्छ । कांग्रेसको विधानमा एउटै व्यक्ति क्षेत्रीय अधिवेशन प्रतिनिधि र गाउँपालिका वडा कार्यसमितिमा बस्न सक्ने प्रावधान छ ।

गाउँ-नगर/उपमहानगर/महानगर वडा अधिवेशनबाट क्षेत्रीय अधिवेशनका लागि प्रतिनिधिहरू पनि चयन हुन्छन् । क्षेत्रीय अधिवेशनका लागि सबै वडा अधिवेशनबाट समान संख्यामा प्रतिनिधिहरू चयन हुन्छन् । १५० वा सोभन्दा कम क्रियाशील सदस्य भएको वडाको अधिवेशनले क्रियाशील सदस्यमध्येबाट क्षेत्रीय अधिवेशनका लागि कम्तिमा तीन जना महिला, एक श्रमिक वा पेशागत क्षेत्रसहित नौ जना क्षेत्रीय प्रतिनिधिहरू चयन गर्छ । यस्तै ३० वर्ष उमेर नपुगेका एक महिलासहित तीन युवालाई पनि क्षेत्रीय प्रतिनिधिका लागि वडा अधिवेशनले प्रत्यक्ष निर्वाचित गर्नुपर्ने वैधनिक व्यवस्था छ । ।

त्यसैगरी १५० भन्दा बढी क्रियाशील सदस्य भएको वडामा बढीमा ५५ को सीमाभित्र रहेर प्रति १५० थप क्रियाशील सदस्यमा दुई महिला र एक युवासहित छ जना थप प्रतिनिधि प्रत्यक्ष निर्वाचित हुने छन् । महिला, दलित, आदिवासी जनजाति, खसआर्य, मधेशी, थारु, मुस्लिम, अल्पसंख्यक, पिछडिएको क्षेत्रबाट प्रत्यक्ष निर्वाचित हुने सदस्य संख्याको ५० प्रतिशत संख्यामा वडाको जनसंख्याको बनोटअनुसार समानुपातिक आधारमा तोकिएबमोजिम प्रतिनिधि निर्वाचित गर्नु पर्ने विधानमा उल्लेख छ । विधानमा भनिएको छ-'अपाङ्गता भएका र दलित क्रियाशील सदस्य मध्येबाट एक-एक जना प्रतिनिधि ।' विधानअनुसार कांग्रेसको वडा कार्यसमिति सभापति पदेन क्षेत्रीय अधिवेशन प्रतिनिधि मानिन्छन् ।

कांग्रेसले वडा कार्यसमितिको सभापतिका लागि योग्यताको मापदण्ड तोकेको छैन । गत पुसमा सम्पन्न विशेष महाधिवेशनबाट संशोधन भएको पार्टीको विधानमा वडा कार्यसमिति सभापतिको उम्मेदवारका लागि योग्यता खुलाइएको छैन । यसअघि कांग्रेसको क्रियाशील सदस्यता प्राप्त गरेको एक वर्ष पुगेको सदस्यमात्रै गाउँ-नगर/उपमहानगर/महानगर वडा कार्यसमिति सभापतिको उम्मेदवार बन्न पाउने प्रावधान थियो ।

संशोधित विधानमा गाउँ/नगरपालिका सभापति, प्रदेश सभा सभापति, प्रतिनिधि सभा क्षेत्रीय सभापति, जिल्ला सभापति, प्रदेश सभापति र केन्द्रीय सभापतिको उम्मेदवार बन्न आवश्यक योग्यता पनि तोकिएको छैन । तर, १५औं महाधिवेशन निर्वाचन निर्देशिका, २०८३ मा भने उम्मेदवारको योग्यता र मनोनयनसम्बन्धी (वडा सभापतिबाहेक) व्यवस्था गरिएको छ ।

जसअनुसार गाउँ नगरपालिका सभापति, प्रदेश सभा सभापति, प्रतिनिधिसभा क्षेत्रीय सभापति, जिल्ला उपसभापति र सचिवको हकमा पाँच वर्ष क्रियाशील सदस्य भएको हुनुपर्नेछ ।

यस्तै, जिल्ला सभापति, प्रदेश सभापतिसहित पदाधिकारी र केन्द्रीय सदस्यको हकमा १० वर्ष क्रियाशील सदस्यता लिएको हुनुपर्नेछ । तर, ३५ वर्ष मुनिका युवा, समायोजन भइ आएका र पेशागत-श्रमिक क्षेत्रका सदस्यको हकमा यो सीमा लागू नहुने निर्देशिकामा उल्लेख छ ।

निर्देशिकामा केन्द्रीय पदाधिकारीका लागि १० वर्ष र केन्द्रीय सभापतिको हकमा १५ वर्ष निरन्तर क्रियाशील सदस्य भएको हुनुपर्ने पनि भनिएको छ ।


## निक्षेप उपरको हकदाबी सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मितिः २०८३/०६/०४

श्री डिलु राम काफ्लेको नाति श्री महेश्वर काफ्लेको छोरा पर्वत जिल्ला, पैयू गा.पा.वडा नं २ स्थायी ठेगाना भई पर्वत जिल्ला, पैयू गा.पा. वडा नं २ बस्ने ना.प्र.नं. १२६, (पर्वत) भएको श्री निलकण्ठ काफ्लेको नाममा यस विकास बैंकको हुवास शाखा कार्यालयमा बचत खाता नं.०१४०१९०००७६३४३०००००१ रहेकोमा निजको मिति २०८३/०४/१३ मा मृत्यु भएको र निज मृतक निलकण्ठ काफ्लेको नाममा यस विकास बैंकमा रहेको माथि उल्लेखित खाताको रकम भूक्तानीको माग गर्दै पर्वत जिल्ला पैयू गा.पा.वडा नं.०२ बस्ने बस्ने मृतक निलकण्ठ काफ्लेका छोरा नाता पर्ने श्री भूवानन्द काफ्लेले मृतकको मृत्युदर्ता प्रमाण-पत्र (दर्ता नं. २००८१०२४०३४६७-२) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नू भएकोले उक्त रकममा अन्य कसैको हकदावी लाग्ने भए सुचना प्रकाशन भएको मितिले ३५ दिन भित्र विकास बैंकमा आवश्यक सबुत प्रमाणका कागजातसहित निवेदन दिनूहून अनूरोध छ । अन्यथा तोकिएको समय भित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम निज निवेदक श्री भुवानन्द काफ्लेलाई उल्लेखित व्यक्तिको खाताको रकम भूक्तानी भैजाने व्यहोराको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था



## राष्ट्रिय आवास कम्पनी लिमिटेड
(नेपाल सरकारको पूर्ण स्वामित्व प्राप्त)
योजना कार्यालय नवलपरासी, बर्दघाट-१

### भूल सुधार सच्याइएको सम्बन्धमा ।

सूचना प्रकाशन मिति : २०८३/०६/०४

जिल्ला नवलपरासी साविक नेपाल पुनर्वास कम्पनी हाल राष्ट्रिय आवास कम्पनी लिमिटेड योजना कार्यालय नवलपरासी बर्दघाट-१ बाट मिति २०८३/०६/०२ गते राष्ट्रिय दैनिक "लुम्बिनी" पत्रिकाको भित्रि पृष्ठमा कृष्ण बहादुर तमाङको जग्गाको हकदाबी सम्बन्धी प्रकाशित सूचनामा चौकील्लाको पूर्वमा पक्की बाटो हुनुपर्नेमा अन्यथा भएको र अमन आलेको बाजेको नाम अन्यथा भएकाले सच्याइएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।



## जिल्ला प्रशासन कार्यालय, रूपन्देही

### विषयः प्रमाणित सम्बन्धमा

श्री जो जससंग सम्बन्ध छ ।




जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. ०७ बस्ने भारतीय भु.पु. सैनिक नं. ५२४४२८१A का पेन्सनर रन बहादुर थापा मगरले तपशिल बमोजिम आफ्नो परिवारका सदस्यहरुको नेपाली नागरिकता प्रमाणपत्र र भारतिय पेन्सन अभिलेखमा नामथर फरक फरक उल्लेख भएता पनि व्यक्ति एउटै भएको व्यहोरा प्रमाणित गरीपाउ भनी यस कार्यालयमा निवेदन पेश गर्नुभएकोमा सम्बन्धित बुटवल उपमहानगरपालिका ०७ नं. वडा कार्यालयको च.नं. ३४५ मिति २०८३/०५/१८ को सिफारिस पत्रबाट समेत लेखि आएकोले सोही व्यहोरा प्रमाणित गरिएको छ ।

तपसिल

नामथर र जन्ममिति फरक परेका कागजपत्रहरुः

| सि. नं. | नेपाली नागरिकता प्रमाणपत्रमा उल्लेख भएको नामथर र जन्ममिति | भारतीय पेन्सन अभिलेखमा उल्लेख भएको नामथर | पेन्सनरसंगको नाता | निवेदकले माग गरेको व्यहोरा |
|---|---|---|---|---|
| १. | रन बहादुर थापा मगर | रन बहादुर थापा | पेन्सनर | व्यक्ति एकै भएको |
| २. | राम माया थापा | माया देवी थापा | पत्नी | व्यक्ति एकै भएको |
| ३. | गिता थापा | धनमाया थापा | छोरी | व्यक्ति एकै भएको |

विश्व प्रकाश अर्याल
प्रमुख जिल्ला अधिकारी



## जिल्ला प्रशासन कार्यालय, रूपन्देही

### विषयः प्रमाणित सम्बन्धमा

श्री जो जससंग सम्बन्ध छ ।




जिल्ला रुपन्देही बुटवल उपमहानगरपालिका वडा नं. १० मा वस्ने भारतीय सरकारको वायुसेवा सर्भिस नं. 649642F, PPO NO.08/14/B/03719/1994, EPPO NO. 349199312200, SGT पदका पेन्सनर घन प्रसाद श्रेष्ठले आफ्नो नेपाली नागरिकता प्रमाणपत्रमा आफनो नामथर घन प्रसाद श्रेष्ठ रहेको र आफ्नो भारतीय पेन्सन अभिलेखमा नामथर घन प्रसाद रहेको श्रीमती चिनि देवी श्रेष्ठको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर चिनि देवी श्रेष्ठ जन्ममिति २०१७/०७/०१ रहेको र आफ्नो भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर चिनु देवी रहि नामथर फरक परेकोमा उपरोक्त फरक फरक नामथर भएका व्यक्ती एकै भएको व्यहोरा प्रमाणित गरि पाउ भनि यस कार्यालयमा निवेदन पेश गर्नु भएकोमा सम्बन्धित बुटवल उपमहानगरपालिका १० नं. वडा कार्यालयको च.नं २५० मिति २०८३/०५/३१ को सिफारिसपत्रबाट समेत लेखि आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनको लागि प्रमाणित गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी
सिद्धार्थनगर, रुपन्देही



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफेटी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# 'सुनचाँदी व्यवसायीका समस्यामा सरकार जिम्मेवार बन्नुपर्छ'



२०३८ सालमा मालारानी वडा नं. ४ खनमा जन्मेका ताराबहादुर सुनारको सानै उमेरदेखि व्यवसायप्रति लगाव थियो। त्यहि लगाबको कारणले सानो व्यवसाय २०५३-५४ सालबाट नै सुरु भयो। पहिला तत्कालीन खन गा.वि.स. वडा नं. २ बाट सुरु भएको मा २०६२ मा सन्धिखर्कमा व्यवसाय विस्तार भयो।

सुनार सुनचाँदी व्यवसायी संघ अर्घाखाँचीको जिल्ला सचिव हुँदै हाल केन्द्रीय सदस्य छन्। उनै सुनारसँग विभिन्न विषयमा केन्द्रित रहेर पत्रकार अनिल नेपालीले गरेको कुराकानी

» ***तपाईं लामो समयदेखि सुनचाँदी व्यवसाय गर्दै आउनु भएको छ, तपाईंले सुनचाँदी व्यवसाय नै रोज्नुको कारण के हो ?***

मेरो धेरै पुस्ताहरुले गर्दै आउनु भएको हाम्रो पुर्ख्यौली पेशा हो, सुनचाँदी र म पनि यसै पेशा मा बाल्यकालदेखि नै यस पेशा गर्दै आएको छु। यस व्यवसायमा खास आउनु को कारण पुर्खौली पेशालाई जोगाई राख्ने साथै आत्मनिर्भर बन्न को लागी र हाम्रो सांस्कृतिक, मौलिकतालाई जोगाई राख्न र यो एउटा बहुमूल्य धातु भएकाले यसमा आफ्नो कला, सीप प्रदर्शन साथै समय सापेक्ष तामा बिकास गर्ने नै मुख्य उद्देश्य हो।

» ***अन्य व्यवसायमा बस्तुभाउको मूल्य स्थिर हुन्छ, सुनचाँदीको प्रायः अस्थिर हुँदा व्यवसायीलाई कस्तो प्रभाव पार्छ ?***

सुनचाँदीको मूल्य अन्य व्यवसायको जस्तो स्थिर हुँदैन, दैनिक रूपमा घटबढ भइरहन्छ। त्यसैले यसको प्रत्यक्ष असर हाम्रो दैनिक कारोबारमा पर्छ। मूल्य बढ्दा ग्राहकले तत्काल खरिद गर्न हिचकिचाउने वा पुरानो गहना बेच्न आउने अवस्था हुन सक्छ भने मूल्य घट्दा खरिद गर्ने ग्राहक बढ्न सक्छन्। साथै, स्टकमा रहेको सुनचाँदीको मूल्यमा पनि उतारचढाव आउँदा पूँजी व्यवस्थापन र नाफा-नोक्सानको हिसाबमा चुनौती हुन्छ। त्यसैले यस व्यवसायमा दैनिक बजार मूल्य हेरेर कारोबार र स्टक व्यवस्थापन गर्नुपर्ने हुन्छ।

» ***आधुनिकता र मौलिकताका नाममा सुनचाँदी गरगहना लगाउनु सट्टा ग्यारेन्टी गरगहना प्रयोग बढी भएको पाइन्छ यसलाई कसरी लिनुहुन्छ ?***

अहिले आधुनिकता र फेसनका कारण सुनचाँदीको सट्टा ग्यारेन्टीका गहना तथा अन्य कृत्रिम गहनाको प्रयोग बढेको देखिन्छ। यसको मुख्य कारण कम मूल्यमा आकर्षक डिजाइन र दैनिक प्रयोगमा सहज हुनु हो। तर सुनचाँदी केवल गहना मात्र नभई हाम्रो संस्कृति, परम्परा र आर्थिक बचतसँग पनि जोडिएको छ। त्यसैले आधुनिक गहनाको प्रयोग बढे पनि सुनचाँदीको आफ्नै महत्व र पहिचान अझै कायम छ।

व्यवसायीको रूपमा हामीले ग्राहकको रुचि र समयअनुसार नयाँ डिजाइन तथा गुणस्तरीय सेवा दिनमा ध्यान दिनुपर्छ।

» ***चाडपर्व नजिकिँदै गएका छन्, सबैभन्दा व्यापार हुने सिजनमा मूल्यवृद्धिको कारण ग्राहकहरू सुन किन्न नसक्ने अवस्थामा पुगेका छन्। यसले व्यापारलाई कस्तो असर गरिरहेको छ ?***

चाडपर्व नजिकिँदै गर्दा सामान्यतया सुनचाँदीको व्यापार बढ्ने समय हो। तर अहिले सुनको मूल्यमा भएको निरन्तर वृद्धिका कारण ग्राहकको क्रयशक्ति र खरिद गर्ने क्षमता प्रभावित भएको छ। पहिले ग्राहकले चाडपर्वमा नयाँ गहना किन्ने योजना बनाउनुहुन्थ्यो भने अहिले धेरै ग्राहकले खरिदलाई केही समयका लागि रोक्ने, कम तौलका गहना रोज्ने वा पुरानो गहना मर्मत तथा पुनः प्रयोग गर्ने गरेको पाइन्छ। यसले गर्दा चाडपर्वको मुख्य सिजनमा पनि कारोबारको मात्रा अपेक्षाअनुसार बढ्न नसक्ने अवस्था छ।

मूल्यवृद्धिले व्यवसायीलाई पनि चुनौती थपेको छ, किनकि ठूलो रकम लगानी गर्नुपर्ने हुन्छ र बजारमा माग घट्दा पूँजी लामो समयसम्म रोकिएर बस्न सक्छ। यस्तो अवस्थामा ग्राहकको आवश्यकता र बजेटअनुसार विभिन्न डिजाइन तथा तौलका गहना उपलब्ध गराएर व्यापारलाई निरन्तरता दिनुपर्ने अवस्था छ।

» ***यही अवस्था निरन्तर रहेमा व्यवसायीलाई व्यवसाय टिकाउन समस्या देखिएला नि ?***

यदि सुनचाँदीको मूल्यमा भएको निरन्तर वृद्धि र ग्राहकको खरिद क्षमता घट्ने अवस्था लामो समयसम्म रहिरह्यो भने व्यवसायीलाई व्यवसाय टिकाउन निश्चित रूपमा चुनौती हुन्छ। कारोबारको मात्रा घट्दा पूँजीको कारोबार कम हुन्छ, स्टकमा ठूलो रकम रोकिएर बस्न सक्छ र नियमित खर्च धान्न पनि कठिन हुन सक्छ। विशेषगरी साना तथा मध्यम व्यवसायीलाई यसको असर बढी पर्न सक्छ। तर यस्तो अवस्थामा व्यवसायीले ग्राहकको बजेटअनुसार कम तौलका गहना, नयाँ डिजाइन, मर्मत तथा पुराना गहना साटफेरजस्ता सेवामा ध्यान दिएर व्यवसायलाई निरन्तरता दिन सकिन्छ। हामीले बजारको अवस्था बुझेर ग्राहकको विश्वास र सेवा कायम राख्नु अहिलेको मुख्य आवश्यकता हो।

» ***सरकारले निजी क्षेत्रका लगानीकर्ता र व्यवसायीलाई प्रोत्साहन गनुको सट्टामा विभिन्न कडकलबाजी गरेको पाईन्छ यसले व्यवसायीलाई कस्तो असर पर्छ ?***

सरकारले निजी क्षेत्रका लगानीकर्ता र व्यवसायीलाई प्रोत्साहन गर्ने वातावरण बनाउनुभन्दा विभिन्न नियम, प्रक्रिया र नियमन थपँदा व्यवसायीमा प्रशासनिक तथा आर्थिक भार बढ्ने अवस्था देखिन्छ। विशेषगरी साना तथा मध्यम व्यवसायीका लागि कागजी प्रक्रिया, करसम्बन्धी दायित्व, अनुगमन र अन्य अनुपालन पूरा गर्न थप समय र खर्च लाग्न सक्छ। सुनचाँदी व्यवसायमा त मूल्यको उतारचढावसँगै पूँजीको ठूलो लगानी आवश्यक पर्ने भएकाले थप नियम तथा प्रक्रियाले व्यवसाय सञ्चालन गर्न अझ चुनौतीपूर्ण बनाउन सक्छ।

त्यसैले सरकार र निजी क्षेत्रबिच सहकार्य बढाएर नियमहरू स्पष्ट, व्यवहारिक र व्यवसायमैत्री बनाउने तथा व्यवसायीलाई लगानी र रोजगारी बढाउन प्रोत्साहन गर्ने वातावरण आवश्यक देखिन्छ।

» ***अन्त्यमा, सुनचाँदी व्यवसायीहरूले निश्चिन्त र सुरक्षित रूपमा व्यवसाय सञ्चालन गर्न सक्ने वातावरण कहिलेसम्म निर्माण हुन्छ भन्ने तपाईंको अनुमान वा योजना के छ ?***

सुनचाँदी व्यवसायीले सुरक्षित र सुनिश्चित रूपमा व्यवसाय सञ्चालन गर्ने वातावरण कहिले पूर्णरूपमा निर्माण हुन्छ भन्ने कुरा ठ्याक्कै समय तोकेर भन्न सकिँदैन। यो सरकारको नीति, बजारको अवस्था, मूल्यमा हुने उतारचढाव र व्यवसायी तथा सम्बन्धित निकायबीचको सहकार्यमा निर्भर हुन्छ।

तर मेरो विचारमा सरकार, व्यवसायी र सम्बन्धित संघ-संस्थाबिच निरन्तर संवाद र सहकार्य भयो भने क्रमशः व्यवसायमैत्री वातावरण निर्माण गर्न सकिन्छ। हाम्रो योजना भनेको ग्राहकको विश्वास कायम राख्दै गुणस्तरीय सेवा दिने, व्यवसायलाई पारदर्शी र व्यवस्थित बनाउने तथा बदलिँदो बजारअनुसार आफूलाई समयमै अनुकूल बनाउँदै अगाडि बढ्ने हो।

हाम्रा चुनौतीहरू छन् भन्दै पछि हट्ने होइन, चुनौतीलाई अवसरमा बदल्दै आफ्नो पेशा र व्यवसायलाई निरन्तरता दिने पक्षमा छौँ। सरकारबाट पनि स्पष्ट, स्थिर र व्यवहारिक नीति तथा व्यवसायीलाई सुरक्षित रूपमा लगानी गर्न सक्ने वातावरण बन्ने अपेक्षा गरेका छौँ।

# लुम्बिनी लायन्सले रोज्यो शाइन रेसुङ्गा बैंक




बुटवल। नेपाल प्रिमियर लिग (एनपीएल) २०२६ मा लुम्बिनी प्रदेशको प्रतिनिधित्व गर्ने लुम्बिनी लायन्सले शाइन रेसुंगा डेभलपमेन्ट बैंकलाई 'होम डेभलपमेन्ट बैंक पार्टनर'का रूपमा निरन्तरता दिएको छ।

सम्बन्धित सम्झौतापत्रमा शाइन रेसुंगा डेभलपमेन्ट बैंकका नायब प्रमुख कार्यकारी अधिकृत लोकराज पनेरु र लुम्बिनी लायन्सका टिम म्यानेजर लक्ष्मणदेव आचार्यले हस्ताक्षर गरेका छन्।

आचार्यले शाइन रेसुंगा लुम्बिनी प्रदेशमा स्थापना भएको प्रदेशकै एक मात्र राष्ट्रियस्तरको विकास बैंक भएकाले साझेदार बनाइएको बताए। बैंकसँगको साझेदारीले खेलाडीमा लगानी गर्न सहज हुनुका साथै टोलीको हौसला बढेको उनको भनाइ छ। बैंकका नायब प्रमुख कार्यकारी अधिकृत पनेरुले क्रिकेटको विकास र खेलाडीको प्रोत्साहनका लागि प्रदेशको प्रतिनिधित्व गर्ने टोलीसँग सहकार्य गरिएको बताए।

बैंकका चिफ ब्रान्ड अफिसर प्रभास राईले एनपीएलको दोस्रो संस्करणको विजेता लुम्बिनी लायन्ससँगको साझेदारीले लुम्बिनी प्रदेशको ब्रान्डिङ तथा पर्यटन प्रवर्द्धनमा समेत योगदान पुग्ने विश्वास व्यक्त गरे।

एनपीएलको दोस्रो संस्करणमा पनि शाइन रेसुंगा लुम्बिनी लायन्सको डेभलपमेन्ट बैंक पार्टनर रहेको थियो। तेस्रो संस्करणमा सोही साझेदारीलाई निरन्तरता दिइएको हो।

नेपाल क्रिकेट संघ (क्यान) को आयोजनामा एनपीएलको तेस्रो संस्करण आगामी अक्टोबर २६ देखि नोभेम्बर २१ सम्म सञ्चालन हुँदैछ।

गाउँवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराई,विवाह दर्ता,सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- गाउँपालिकामा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं ।

विवेक खनाल
प्रमुख प्रशासकीय अधिकृत

देविराम अर्याल
अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,अर्खवाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

गाउँवासीहरूमा हार्दिक अनुरोध

- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- नगरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं ।

सुरज अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

भगतसिंह खड्का
अध्यक्ष

इस्मा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,इस्मा रजस्थल, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/
अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




विज्ञापन बोर्डमा सूचीकृत हुनुभयो त ?

- विज्ञापन कारोबार गर्ने संचार माध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानून बमोजिम विज्ञापन बोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ,
- विज्ञापनसम्बन्धी कारोबारलाई व्यवस्थित, पारदर्शी र मर्यादित बनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं,
- भ्रमपूर्ण, अतिरञ्जित तथा उपभोक्ता हित विपरितका विज्ञापन नगरौ/ नगराऔं,
- व्यवस्थित विज्ञापन बजार निर्माणमा विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन व्यवसायी लगायत सबै जिम्मेवार बनौं ।

**विज्ञापन बजारलाई व्यवस्थित र मर्यादित बनाउन सबैले हातेमालो गरौ ।**

नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com